केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/६/०८२/८३

मितिः २०८२/०५/१३

## सूचना

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु र पूर्वाधार विकास बैंक,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु तथा पूर्वाधार विकास बैंकका लागि जारी गरिएको **"बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मार्गदर्शन, २०८१ (प्रथम संशोधन, २०८२)"** यसैसाथ संलग्न गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

भवदीय,

कार्यकारी निर्देशक

# बैंक तथा वित्तीय संस्थाको
# संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी
# मार्गदर्शन, २०८१

**(प्रथम संशोधन, २०८२)**

नेपाल राष्ट्र बैंक

# **बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१ (प्रथम संशोधन, २०८२)***

## १. पृष्ठभूमि

बैंक तथा वित्तीय संस्थाले **संस्थागत सामजिक उत्तरदायित्वका मूल्य, मान्यता, मर्म र अन्तर्राष्ट्रिय सिद्धान्त अनुरुप** मुलुक र समाजप्रतिको दायित्व निर्वाह गर्दै **गरिब, विपन्न तथा लक्षित वर्गको उत्थानमा** महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । वित्तीय क्षेत्रप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, वित्तीय स्थायित्व कायम गर्न र संस्थाहरु अविच्छिन्न रुपमा दीर्घकालसम्म सञ्चालन गर्नका लागि बैंक तथा वित्तीय संस्थाले मानवीय, सामाजिक र बाह्य वातावरणको संरक्षणमा समेत योगदान पुऱ्याउन आवश्यक छ । सामाजिक तथा बाह्य वातावरणलाई अझ स्वच्छ, समावेशी, दिगो **बनाई गरिब, विपन्न तथा लक्षित वर्गको उत्थान गर्ने** कर्तब्य बैंक तथा वित्तीय संस्थाको समेत हुन्छ । तसर्थ बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्ने खर्च पारदर्शी, प्रभावकारी र उद्देश्यमूलक बनाउने अभिप्रायले यो मार्गदर्शन जारी गरिएको छ ।

## २. उद्देश्य

**यस मार्गदर्शनको मुख्य उद्देश्य संस्थागत सामाजिक उत्तरदायित्व कोषमार्फत् गरिब, विपन्न तथा लक्षित वर्गको हित तथा उत्थानमा योगदान पुऱ्याउनु रहेको छ । संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन गर्दा गरिबीको रेखामुनी रहेका मध्ये पनि चरम गरिबीमा जीवनयापन गरिरहेका समुदायको छनोट/पहिचान गरी त्यस्ता समुदायको हित तथा उत्थानलाई प्राथमिकता दिने उद्देश्य रहेको छ ।** यस मार्गदर्शनको कार्यान्वयनबाट बैंक तथा वित्तीय संस्थाले गर्दै आएका सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च निष्पक्ष र पारदर्शी रुपमा मुलुकभर न्यायोचित ढंगले वितरण हुने, सामाजिक हित प्रवर्द्धन हुने र बहुउपयोगी कार्यमा स्रोतको प्रभावकारी प्रयोग हुने विश्वास लिइएको छ ।

*गभर्नरले अध्यक्षता गर्नुभएको व्यवस्थापन समितिको मिति २०८२/०५/०४ मा बसेको बैठक संख्या ७/०८२/८३ बाट स्वीकृत ।

## ३. संस्थागत सामाजिक उत्तरदायित्व कोषको व्यवस्था

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” ,“ग” र **घ वर्गका बैंक तथा वित्तीय संस्थाहरु तथा पूर्वाधार विकास बैंकले** (यसपछि इजाजतपत्रप्राप्त संस्था भनिएको) संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यका लागि हरेक आर्थिक वर्षको खुद मुनाफाको नेपाल राष्ट्र बैंकले तोकेको प्रतिशतले हुन आउने रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले निर्णय गरी नेपाल राष्ट्र बैंकबाट तोकिएको प्रतिशतभन्दा बढी रकम उक्त कोषमा जम्मा गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यमा खर्च गर्न सक्नेछ ।

**इजाजतपत्रप्राप्त संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व कोषको परिचालन सम्बन्धमा वार्षिक कार्ययोजना तर्जुमा गरी अर्धवार्षिक अवधिमा गरिने क्रियाकलापको सूची सम्बन्धित अर्धवार्षिक अवधि शुरुहुनु भन्दा कम्तीमा १५ दिन अगाडि नेपाल राष्ट्र बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा जानकारी गराउनु पर्नेछ । यो मार्गदर्शन जारी भएपछि पहिलो अर्धवार्षिक सूची असोज मसान्तसम्म पेश गर्न सकिनेछ ।**

## ४. कोषको रकम खर्च गर्नुपर्ने अवधि

इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण स्वीकृत भएसँगै मुनाफाबाट कोषमा जम्मा भएको रकमको कम्तीमा ६० प्रतिशत रकम सोही आर्थिक वर्षभित्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ५. कार्यविधि सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी विविध कार्य गर्ने र कोष सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि बनाई लागू गर्नुपर्नेछ । उक्त कार्यविधिमा कम्तीमा निम्न विषयहरु समावेश गनुपर्नेछ :

५.१. कोषको रकम खर्च गर्ने अख्तियारी

५.२. कार्यक्रम छनौट तथा प्रस्ताव मूल्यांकन गर्ने आधार

५.३. कार्यक्रमको विविधीकरणका आधार

५.४. भौगोलिक रुपमा कार्यक्रमको वितरणको आधार

५.५. आपसी स्वार्थ रहित कार्यक्रम छनौट हुने आधार

## ६. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्न सकिने क्षेत्र :

संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट देहायबमोजिमका क्षेत्रमा खर्च गर्न सकिनेछ :

### ६.१. शिक्षा

६.१.१. **भूकम्पलगायतका प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रका सरकारी/सामुदायिक विद्यालय भवनको पुनःनिर्माण।**

६.१.२. विद्यालय तथा कलेजमा अध्ययनरत गरीब, पिछडिएको वर्ग तथा अपाङ्गता भएका जेहेन्दार विद्यार्थीलाई दिइने छात्रवृत्तिमा **हुने खर्च** ।

६.१.३. सरकारी तथा सामुदायिक विद्यालय तथा कलेजलाई वितरण गरिने कम्प्युटर, प्रोजेक्टर, इन्टर्याक्टीभ स्मार्ट बोर्ड, व्हाइट/ब्ल्याक बोर्ड, पुस्तक, लगायतका शैक्षिक सामग्री तथा विद्यालयका लागि आवश्यक हुने अन्य फर्निचर, फिक्स्चर, **पुस्तकालय स्थापना/सुधार** लगायतमा **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रमा हुने खर्च** ।

६.१.४. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रका** सरकारी तथा सामुदायिक विद्यालय तथा कलेजमा शुद्ध पिउने पानीको व्यवस्था, शौचालय निर्माण वा सुधार, स्यानिटरी प्याड डिस्पेन्सर, स्यानिटाइजर डिस्पेन्सर, मास्क डिस्पेन्सर, प्राथमिक उपचार लगायतका स्वास्थ्य तथा सरसफाईसम्बन्धी आधारभूत सामग्री ।

६.१.५. **विश्वविद्यालय तथा कलेजमा अर्थशास्त्र, कानून र व्यवस्थापन संकायमा अध्ययनरत गरिब तथा न्यून आय भएका परिवारका विद्यार्थीलाई सम्बन्धित विश्वविद्यालय तथा कलेजले सिफारिस गरेको आधारमा स्नातकोत्तर, MPhil, PhD अध्ययन अन्तर्गत गरिने शोध, अनुसन्धान कार्यका लागि Fellowship/Research Grant मा हुने खर्च ।**

६.१.६. **सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा न्यून आय भएका परिवार का विद्यार्थीलाई प्रोत्साहित गर्न प्रदान गरिने विद्यालय पोशाक, शैक्षिक सामग्रीलगायतमा गरिने खर्च ।**

६.२. **स्वास्थ्य**

६.२.१. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रका** सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थालाई वितरण गरिने स्वास्थ्य उपकरण तथा सामग्रीमा हुने खर्च ।

६.२.२. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रका** सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थामा शुद्ध पिउने पानीको व्यवस्था, शौचालय निर्माण वा सुधार, स्यानिटरी प्याड डिस्पेन्सर, स्यानिटाइजर डिस्पेन्सर, मास्क डिस्पेन्सर लगायतका आधारभूत स्वास्थ्य तथा सरसफाई सामग्रीमा हुने खर्च ।

६.२.३. न्यून आय भएका नागरिकको जटिल स्वास्थ्य समस्याको उपचारका लागि कुनै **सरकारी वा सामुदायिक** अस्पतालसँग गरिने सहकार्यमा हुने खर्च ।

६.२.४. **न्यून आय** वर्गका अपाङ्गता भएका व्यक्तिलाई आवश्यक हुने बैशाखी, व्हील चियर, मेडिकल बेड, hearing aid, जस्ता जीवनोपयोगी सामग्रीमा गरिने खर्च ।

६.२.५. **न्यून आय भएका समुदायका नागरिकको निःशुल्क रुपमा गरिने मोतियाबिन्दुको शल्यकिया सम्बन्धी शिविरलगायत अन्य** स्वास्थ्य शिविरमा गरिने खर्च ।

६.३. **मानवीय सहयोग तथा राहत**

६.३.१. **प्राकृतिक प्रकोप तथा महामारी**का पीडितलाई वितरण गरिने लत्ताकपडा, खाद्यान्न, औषधि, टेन्ट, भाँडालगायतका बन्दोबस्तीका सामग्रीमा हुने खर्च ।

६.३.२. व्यावसायिक रुपमा स्थापना भएका बाहेकका सम्बन्धित सरकारी निकायबाट स्वीकृति/मान्यता लिई **गरिब तथा विपन्न वर्गका नागरिकका लागि खोलिएका** वृद्धाश्रम, बालगृह, मानव बेचविखनमा परेकालाई उद्धार गरी संरक्षण गर्ने संस्थालगायतका सामाजिक संस्थालाई गरिने सहयोग ।

६.३.३. **गरिब, विपन्न तथा पिछडिएका समुदायमा भोकमरी, कुपोषण, अटिजम् भएका बालबालिका, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउँदा हुने खर्च ।**

## ६.४. वातावरण

६.४.१. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रमा स्थानीय तहसँग समन्वय गरी फोहोरमैला संकलन तथा वातावरण संरक्षण सम्बन्धी गरिने चेतनामूलक कार्यक्रममा गरिने खर्च ।**

६.४.२. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रमा वातावरणीय प्रभाव न्यूनीकरणका लागि गरिने पूर्वाधार निर्माण तथा मानवीय जीवनलाई आवश्यक पर्ने सोलार, बायोग्यास लगायतका वातावरण मैत्री सामग्रीमा गरिने खर्च ।**

६.४.३. **खानेपानीको समस्या भएका तथा आर्थिक रुपले विपन्न नागरिकको बाहुल्यता रहेको क्षेत्रमा स्थानीय तहसँग समन्वय गरी खानेपानीको लागि पूर्वाधार निर्माणमा हुने खर्च ।**

## ६.५. वित्तीय साक्षरता

६.५.१. **गरिब तथा विपन्न वर्ग लक्षित** वित्तीय सचेतनामूलक श्रव्य दृश्य सामग्री निर्माण तथा प्रसारण खर्च ।

६.५.२. **गरिब तथा विपन्न वर्ग लक्षित वित्तीय साक्षरता सम्बन्धी** सामग्रीको निर्माण तथा वितरणमा हुने खर्च ।

६.५.३. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रमा** वित्तीय साक्षरताको लागि प्रदेश तथा स्थानीय निकायसँग गरिने सहकार्य ।

६.५.४. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रमा** डिजिटल वित्तीय कारोबार सम्बन्धी सचेतना अभिबृद्धिका लागि गरिने तालिम कार्यक्रममा हुने खर्च ।

६.५.५. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रमा** नगद रहित कारोबार, प्रविधिको प्रयोग एवम् विद्युतीय कारोबार सम्बन्धमा जनचेतना अभिवृद्धि लगायत प्रवर्द्धनात्मक खर्च ।

६.५.६. नेपाल राष्ट्र बैंकले जारी गरेको Financial Literacy Framework अनुसारका लक्षित वर्गका लागि प्रदान गरिने दुई दिन वा सो भन्दा लामो अवधिको तालिम कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च ।

## ६.६. दिगो विकास लक्ष्य

६.६.१. दिगो विकास लक्ष्य २०१६-२०३० **अन्तर्गत पहिचान गरिएका क्षेत्रमा गरिब तथा पिछडिएको समुदायको उत्थानका लागि तोकिएका लक्ष्यहरू प्राप्त गर्न सहयोग गर्ने खर्च ।**

६.७. **अन्य**

६.७.१. **गरिब तथा विपन्न वर्गको बाहुल्यता रहेका क्षेत्रमा रहेका सरकारी तथा सामुदायिक विद्यालयमा खेलकुद सामग्री तथा पूर्वाधारमा गरिने लगानी ।**

६.७.२. **आर्थिक रुपले विपन्न समुदायको छनौट गरी त्यस्तो समुदायको आवास, शिक्षा, स्वास्थ्य, बालबालिका तथा महिलाको उत्थान तथा उक्त समुदाय बसोबास गरिरहेको निश्चित स्थान भएमा त्यसको पूर्वाधार विकास लगायतमा गरिने खर्च ।**

६.७.३. **गरिबीको रेखामुनि रहेका जनसमुदायको हकअधिकार संरक्षण गर्ने उद्देश्यका साथ स्थापना गरिएको सामाजिक संस्थामार्फत् त्यस सम्बन्धमा नीतिगत तथा कानूनी वकालत गर्न र त्यस्तो समुदायको राज्यसँग संवाद गर्नसक्ने क्षमता विकास गर्न व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्नका लागि गरिने खर्च ।**

६.७.४. **गरिब तथा विपन्न वर्गका व्यक्तिको आय आर्जन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रदान गरिने व्यवसायिक तथा सीपमूलक तालिम कार्यक्रममा हुने खर्च ।**

## ७. प्रदेशगत खर्च

७.१. इजाजतपत्रप्राप्त संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफनो कार्यक्षेत्र भित्रका भौगोलिक क्षेत्रमा रहेका **गरिब तथा विपन्न वर्गको उत्थानलाई** लक्षित गरी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७.२. इजाजतपत्रप्राप्त संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्ट्याएको रकमलाई **आफ्नो उपस्थिति भएको प्रत्येक प्रदेशमा** न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नु पर्नेछ ।

## ८. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नपर्ने कार्य

इजाजतपत्रप्राप्त संस्थाले गरेका देहायबमोजिम खर्चहरुलाई संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गतको खर्चमा समावेश गर्न पाइने छैन :

८.१. संस्थाको ब्राण्ड प्रवर्द्धन तथा बजार विस्तार गर्ने उद्देश्यले गरिएका बजारीकरण अभियान, विभिन्न कार्यक्रमको प्रायोजन, राजनैतिक दलका कार्यक्रमलाई गरिएको सहयोग, नाफामूलक कार्य, शुल्क लिई गरिएका कार्यक्रम, ऱ्याली तथा विज्ञापन जस्ता कार्यमा गरिएको खर्च । **साथै, आफ्नो स्वार्थ जोडिएका प्रभाव समूहका व्यक्ति वा आफूसँग सम्बद्ध व्यक्तिलाई परोपकारका नाममा उपहार वा चन्दा प्रदान गर्ने, फेस्ट वा कार्यक्रममा ब्राण्डिङ हुने उद्देश्यले प्रायोजन गर्ने गरी खर्च गरिने रकम ।**

८.२. संस्थापक शेयरधनी, संचालक समितिका सदस्य तथा उच्च व्यवस्थापन तहका पदाधिकारी सम्बद्ध संस्थामा गरिएका खर्च ।

८.३. व्यापार विस्तारको शर्त राखी गरिएका खर्च ।

८.४. **ठूला विकास आयोजनामा गरिने खर्च ।**

८.५. **बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा निजी आयोजनामा गरिने खर्च ।**

## ९. विविध व्यवस्था

९.१. संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्दा सरकारी, सामुदायिक तथा अन्य गैर नाफामूलक संस्थाको लागि मात्र गर्नु पर्नेछ ।

९.२. संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्नका लागि परियोजना वा कार्यक्रम छनौट गर्दा त्यसबाट समुदायस्तरमा पर्ने प्रभाव र मुलुकको आवश्यकताको विश्लेषण गर्नु पर्दछ ।

९.३. संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम गर्दा कुनै पनि व्यावसायिक वा व्यक्तिगत स्वार्थ बाझिने गरी कुनै विशेष भौगोलिक क्षेत्र तथा विषयमा अधिकेन्द्रित नभई जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्य, समाजको आवश्यकतालाई प्राथमिकतामा राखी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

९.४. कोषको रकम कुनै किसिमको नगद, दान, दातव्य, पुरस्कार आदि वितरण गरी खर्च लेखांकन गर्न पाइने छैन ।

९.५. कोषमा रहेको रकम अन्य कुनै कोष वा शीर्षकमा रकमान्तर गर्न वा पूँजीकोष गणना गर्न पाइने छैन ।

९.६. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भए गरेका कार्यक्रमको लक्षित वर्गमा भएको वास्तविक खर्च तथा उक्त खर्च गर्दा भएको प्रशासनिक खर्चबीच तादात्म्यता मिलेको, स्वाभाविक तथा खर्च अनुपात सुहाउँदो हुनु पर्नेछ ।

९.७. संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम, सोको खर्च, कार्यक्रमको छनौट, संस्थाले अवलम्बन गरेको निर्णय प्रकृया, कार्यक्रमको प्रभावकारिता आदि सम्बन्धमा वार्षिक रुपमा आन्तरिक लेखापरीक्षण गरी छुटट्रै प्रतिवेदन तयार गरी लेखापरीक्षण समितिमार्फत् सञ्चालक समितिमा पेश गर्नु पर्दछ ।

९.८. संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम यस मार्गदर्शनले तोकेको अवधिभित्र खर्च गरिसक्नु पर्नेछ ।

९.९. **इजाजतपत्रप्राप्त संस्थाले सहयोग गरेका सम्बन्धित संस्था/लाभग्राहीले प्राप्त गरेको रकम वा सहयोग सोही उद्देश्यमा खर्च भएको प्रमाणित विवरण इजाजतपत्रप्राप्त संस्थाले प्राप्त गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।**

९.१०. संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत भएको खर्चको क्षेत्रगत तथा प्रदेशगत विवरणका साथै उक्त खर्चको सामाजिक क्षेत्रमा परेको प्रभाव समेत विश्लेषण गरी आफ्नो वेबसाइटमार्फत् वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

९.११. इजाजतपत्रप्राप्त संस्थाबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भए गरेका कार्यहरुको विवरण अनुसूची १ बमोजिमको ढाँचामा त्रैमासिकरुपमा आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नुपर्नेछ ।

९.१२. **यस मार्गदर्शनबमोजिम लक्षित वर्गको पहिचानका लागि इजाजतपत्रप्राप्त संस्थाले नेपाल सरकार तथा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूले प्रकाशित गरेका प्रकाशन प्रतिवेदन र तथ्यांकलाई समेत आधार लिन सक्नेछन् । इजाजतपत्रप्राप्त संस्थाले उक्त आधारलाई अर्धवार्षिक सूचीसंगै खुलाउनुपर्ने छ ।**

९.१३. **संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम गरिब तथा विपन्न वर्ग लक्षित कार्यक्रमबाहेकका क्षेत्र वा बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा निजी आयोजनामा खर्च गरिएको पाइएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही हुनेछ ।**

***

## अनुसूची १

### ......................... बैंक लि.

### आ. व . ................ को (.............. त्रैमासिक विवरण)

(क) कोषको विवरण

| क्र.सं. | विवरण | रकम (रु हजारमा) |
|---|---|---|
| १. | संस्थागत सामाजिक उत्तरदायित्व कोषमा अघिल्लो आर्थिक बर्षसम्म बक्यौता रकम | |
| २. | संस्थागत सामाजिक उत्तरदायित्व कोषमा पछिल्लो आर्थिक बर्षको मुनाफाबाट थप भएको रकम | |
| ३. | कुल खर्चयोग्य रकम | |
| ४. | यस त्रयमासको खर्च | |
| ५. | यस त्रयमास सम्मको खर्च | |
| ६. | कुल बाँकी खर्चयोग्य रकम | |

(ख) क्षेत्रगत विवरण

(रु हजारमा)

| क्र.सं. | विवरण | अघिल्लो त्रयमास सम्मको खर्च | यस त्रयमासको खर्च | कुल खर्च |
|---|---|---|---|---|
| १. | शिक्षा | | | |
| २. | स्वास्थ्य | | | |
| ३. | मानवीय सहयोग तथा राहत | | | |
| ४. | वातावरण | | | |
| ५. | वित्तीय साक्षरता | | | |
| ६. | दिगो विकास लक्ष्य | | | |
| ७. | अन्य | | | |
| | कुल खर्च | | | |

(ग) प्रदेशगत विवरण

(रु हजारमा)

| क्र.सं. | विवरण | अघिल्लो त्रयमास सम्मको खर्च | यस त्रयमासको खर्च | कुल खर्च |
|---|---|---|---|---|
| १. | कोशी | | | |
| २. | मधेश | | | |
| ३. | वागमती | | | |
| ४. | गण्डकी | | | |
| ५. | लुम्बिनी | | | |
| ६. | कर्णाली | | | |
| ७. | सुदुरपश्चिम | | | |
| | कुल खर्च | | | |

(घ) यस त्रयमासमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत भएका कार्यहरुको सूची

| क्र.सं. | कार्यको विवरण | मिति | प्रदेश | स्थानीय तह | क्षेत्र | रकम (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| १. | शिक्षा | | | | | |
| | १.१…………… | | | | | |
| | १.२…………… | | | | | |
| २. | स्वास्थ्य | | | | | |
| | २.१…………… | | | | | |
| | २.२………….. | | | | | |
| ३. | मानवीय सहयोग तथा राहत | | | | | |
| | …………….. | | | | | |
| | …………….. | | | | | |
| ४. | वातावरण | | | | | |
| | …………….. | | | | | |
| | …………….. | | | | | |
| ५. | वित्तीय साक्षरता | | | | | |
| | …………….. | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | दिगो विकास लक्ष्य | | | | | |
| | ................ | | | | | |
| | ................ | | | | | |
| ७. | अन्य | | | | | |
| | ................ | | | | | |
| | ................ | | | | | |